नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४११

मितिः२०८३/०१/१७

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषयः विदेशमा पेश गर्ने प्रयोजनको लागि स्थानीय तहबाट जारी हुने सिफारिसपत्र तथा कागजात सम्वन्धमा ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम व्यक्तिगत घटना दर्ता प्रमाणपत्रहरु लगायत विदेशमा पेस गर्ने प्रयोजनका लागि आवश्यक पर्ने अन्य कागजात तथा सिफारिस पत्रहरु स्थानीय तहबाट जारी भईरहेको सन्दर्भमा उक्त कागजातहरुको भाषा र ढाँचामा एकरुपता कायम गर्नुका साथै विषयवस्तुमा स्तरीयता सुनिश्चित गरी विदेशमा पेस गरिने कागजातहरुको आधिकारिकता विश्वसनीयता र कानूनी मान्यता अभिवृद्धि गर्ने उद्देश्यले अंग्रेजी भाषामा तयार गरिएका नमूना कागजातहरु यस अघिनै मन्त्रालयको मिति २०८२/७/१३,२०८२/१०/२९र मितिः२०८२/१२/२५को पत्रसाथ संलग्न गरी पठाईएको छ ।यसरी पटक पटक पत्राचार गर्दा पनि केही स्थानीय तहबाट तयार गरिएका कागजात/सिफारिस तयार गर्दा आधिकारिक नमूनाको प्रयोग नगरिएको भाषागत तथा विषयगत स्पष्टताको अभाव रहेको कागजातमा उल्लिखित विवरणमा शुद्धता र सत्यता सम्वन्धमा प्रश्न उठने गरेकोले स्थानीय तहबाट कागजात/सिफारिस पत्र जारी गर्दा यसैसाथ उपलव्ध गराईएको नमूना बमोजिम तयार गरी त्यसमा समावेश गरिने विवरणहरुको सत्यता तथा आधिकारिकता पूर्णरुपमा सुनिश्चित गरी जारी हुने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

२०८३/१/१८

प्रकाश पन्थी

शाखा अधिकृत

**बोधार्थ**

श्री परराष्ट्र मन्त्रालय सिँहदरवार काठमाडौं

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरी सवै स्थानीय तहको पोर्टलमा पठाउनुहुन।

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np